प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
कैलाली, नेपाल

# स्वास्थ्य संस्था भवन निर्माण कार्यविधि ,२०७५

सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष २०७५।०७६ को बजेट तथा कार्यक्रम अनुसार सामाजिक विकास मन्त्रालयबाट प्रसुती केन्द्रको भवन (waiting room सहित) , शहरी तथा ग्रामिण स्वास्थ्य केन्द्र भवन निर्माण र पहुँच नपुगेको स्थानमा सामुदायिक स्वास्थ्य इकाई स्थापना , स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धि कार्य लाई व्यवस्थित, पारदर्शी, गुणस्तरीय, मितव्ययी तथा प्रभावकारी रुपमा संचालन गर्नका लागि सुदूरपश्चिम प्रदेश, सामाजिक विकास मन्त्रालयले **" स्वास्थ्य संस्था भवन निर्माण कार्यविधि , २०७५"** बनाएको छ ।

*१. संक्षिप्त नाम र प्रारम्भः*

(१) यस कार्यविधिको नाम **" स्वास्थ्य संस्था भवन निर्माण कार्यविधि , २०७५"** रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकार , सामाजिक विकास मन्त्रालय ( **मन्त्रिस्तरको निर्णय** ) बाट स्वीकृत भए पछि तुरुन्त लागू हुनेछ ।

*२. परिभाषाः* विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

(क) **कार्यविधि** भन्नाले **" स्वास्थ्य संस्था भवन निर्माण कार्यविधि , २०७५"** सम्झनु पर्दछ ।

(ख) **कार्यालय** भन्नाले जिल्ला स्थित स्वास्थ्य कार्यालय सम्झनु पर्दछ ।

(ग) **स्वास्थ्य संस्था** भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई सुदूरपश्चिम प्रदेश भित्र संचालनमा रहेका अस्पताल , प्राथमिक स्वास्थ्य केन्द्र , स्वास्थ्य चौकी , शहरी स्वास्थ्य केन्द्र , सामुदायिक स्वास्थ्य इकाई र बर्थिंग सेन्टर सम्झनु पर्दछ ।

(घ) **अध्यक्ष** भन्नाले स्वास्थ्य संस्था व्यवस्थापन तथा संचालन समिति वा उपभोक्ता समिति वा लाभदायी समितिको अध्यक्ष सम्झनु पर्दछ ।

(ङ) **मन्त्रिस्तरीय निर्णय** भन्नाले सामाजिक विकास मन्त्रालयका मन्त्रिबाट स्वीकृत भएको निर्णय वा कार्यक्रमलाई सम्झनु पर्दछ ।

(च) **स्वीकृत कार्यक्रम** भन्नाले सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढीका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढीबाट प्रकाशित व्यय अनुमानको विवरण (खर्च शीर्षकगत र श्रोतगत समेत) मा उल्लेखित शीर्षकगत क्रियाकलापहरुको विस्तृतीकरण समेतलाई सम्झनु पर्दछ ।



महाशाखा प्रमुख प्रदेश सचिव मा. मन्त्री

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
कैलाली, नेपाल

(छ) **प्रमुख** भन्नाले आर्थिक एवम् प्रशासकीय जिम्मेवारी प्राप्त स्वास्थ्य कार्यालय प्रमुख सम्झनु पर्दछ।

(ज) **मन्त्रालय** भन्नाले सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश लाई सम्झनु पर्दछ।

(झ) **प्रदेश** भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्दछ।

(ञ) **स्थानीय तह** भन्नाले उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्दछ।

*(३) यस निर्देशिका बमोजिम स्वास्थ्य संस्था भवन निर्माण देहाय बमोजिमको प्रकृया अनुसार गरिनेछ:*

(क) स्वास्थ्य कार्यालयले सम्बन्धित स्थानीय तह लाई प्रसुती केन्द्रको भवन (waiting room सहित), शहरी तथा ग्रामिण स्वास्थ्य केन्द्र भवन निर्माण, पहुँच नपुगेको स्थानमा सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माण योजना छनौट भएको जानकारी गर्न लगाउने र १५ दिनको म्याद तोकी सम्बन्धित स्थानिय तहको सहयोगको प्रतिबद्दताको सिफारिस एवं वडा कार्यालयले तोकिएको समयमा कार्य सम्पन्न गर्ने लिखित प्रतिबद्दता सहित संस्थाको नाममा जमिनको लालपुर्जाको प्रतिलिपी वा भोगचलन रहेको प्रमाणीत जमीनको विवरण माग गर्ने र सो प्राप्त भए पछि **सार्वजनिक खरीद ऐन २०६३ तथा नियमावली २०६४** बमोजिम र प्रचलित कानुन बमोजिम निर्माणको प्रकृया अघि बढाउनु पर्नेछ र छपाली र बगलेक स्वास्थ्य चौकी, बान्निगडी स्वास्थ्य चौकी, मेल्लेख गा.पा स्वास्थ्य चौकी, मलातिकोट स्वास्थ्य चौकी भवन, रामारोशन स्वास्थ्य चौकी भवनको हकमा सम्बन्धित स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन समिति संग समन्वय गरि खण्ड (घ) बमोजिम आवश्यक निर्माण प्रक्रिया प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ।

(ख) स्वास्थ्य संस्थाहरुको (अस्पताल, स्वास्थ्य चौकी) जग्गा भित्र निर्माणको हकमा उक्त संस्थाको नाममा भएको जग्गाको लालपुर्जाको प्रतिलिपि पेश गर्नु पर्ने र स्वास्थ्य संस्था भन्दा बाहिर निर्माण हुनेको हकमा कम्तिमा २ रोपनी जग्गा वा सो सरहको व्यवस्थापन गर्नु पर्नेछ।

(ग) निर्माण कार्य **नेपाल राष्ट्रिय भवन संहिता २०६०** मा भएको व्यवस्था अनुसार गुणस्तरीय, विपद् प्रतिरोधी, अपांग मैत्री, एवं वातावरण मैत्री हुने गरी गर्नु गराउनु पर्नेछ।

(घ) प्रसुती केन्द्रको भवन (waiting room सहित), शहरी तथा ग्रामिण स्वास्थ्य केन्द्र भवन निर्माण र पहुँच नपुगेको स्थानमा सामुदायिक स्वास्थ्य इकाई निर्माण सम्बन्धि मन्त्रालयबाट उपलब्ध गराउने ड्राईङ / डिजाइन प्रयोग गर्नु पर्ने र छपाली र बगलेक स्वास्थ्य चौकी, बान्निगडी स्वास्थ्य चौकी, मेल्लेख गा.पा स्वास्थ्य चौकी, मलातिकोट स्वास्थ्य चौकी भवन, रामारोशन स्वास्थ्य चौकी भवनको हकमा उक्त स्वास्थ्य संस्थामा आवश्यकता अनुसार सेवा प्रवाहको लागि भवन, कर्मचारी आवास, शौचालय र खानेपानिको संरचना निर्माण



महाशाखा प्रमुख प्रदेश सचिव मा. मन्त्री

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालय कैलाली, नेपाल २०७४

को लागि मन्त्रालय वा निर्देशनालयबाट तोकिएको प्राविधिक वा सहरी तथा भवन डिभिजन कार्यालय वा फिल्ड कार्यालय वा अन्य सरकारी निकायबाट डिजाईन वा आवश्यक काम गर्ने गराउने।

(ङ) सम्बन्धित संस्थाले सम्झौता अनुसारको कार्यक्रमको परिमाण तथा लागत अनुमान तयार गर्दा सम्बन्धित जिल्लाको दररेट तथा स्विकृत सरकारी नर्म्सको प्रयोग गर्नु पर्ने छ। यसरि लागत अनुमान तयार गर्दा कार्यक्रम तर्फ व्यहोरिने खर्च स्वास्थ्य संस्थाको तर्फ बाट ब्योहरिने जनश्रमदान वा नगद खर्च वा अन्य कुनै श्रोतबाट व्यहोरिने खर्च समेत उल्लेख गरि सम्पन्न गर्नुपर्ने सम्पूर्ण प्राविधिक कार्यहरु स्पस्ट रुपमा खुलेको हुनु पर्नेछ।

(च) कर्कटपाताको छाना छाउने संस्थाले अनिवार्य रुपमा ६ मि. मि. बाक्लो प्लाइउड वा कम्तीमा समान गुणस्तर भएका अन्य निर्माण सामाग्रीहरूको सिलिङ सहितको नयाँ भवन निर्माण गर्नु पर्ने छ।

(छ) संस्थाको भवन निर्माण गर्दा असक्तहरूले समेत प्रयोग गर्न सक्ने गरी न्याम्प राखी व्हील चेयर जान सक्ने गरी निर्माण गर्ने व्यवस्था समेत मिलाउनु पर्नेछ।सवै ढोकाहरू वाहिर खुल्ने व्यवस्था अनिवार्य रूपमा गर्नु पर्ने छ।

*(४) तोकिएको प्राविधिक कर्मचारीको सिफारिसका आधारमा कार्य सम्पन्न भएको सुनिश्चित गरी कार्यक्रम संचालनको प्राविधिक खर्चका लागि कुल रकमको* ***तीन प्रतिसत*** *कन्टिन्जेन्सि वापतको रकम कट्टा गरी बाँकि हुन आउने रकमलाई शत प्रतिशत मानि देहाय अनुसार दुई किस्तामा निकासा तथा भुक्तानी दिनु पर्ने छ।*

(क) स्थानीय निर्माण सामाग्री जस्तै ट्रस, जस्तापाता, ढुङ्गा, ईटा, गिट्टि, बालुवा आदि संकलन गरी जग खन्ने कार्य र स्ट्रक्चरल पार्टको कार्यको लागि पहिलो किस्ताको रुपमा कुल रकमको **पचास प्रतिसत** रकम।

(ख) कार्य सम्पन्न गरे पश्चात नापी किताब भरी कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताको रुपमा वाकि रकम।

(५) स्वास्थ्य कार्यालयहरु ले चालु आ.व. को **जेठ मसान्त** सम्ममा निर्माण कार्य सम्पन्न गरी आषाढ १५ गते सम्ममा कार्य सम्पन्न प्रतिवेदन तयार तथा प्रमाणित गरी गराई एक प्रति सम्बन्धित संस्थामा र एक प्रति स्वास्थ्य कार्यालयमा राख्नु पर्नेछ।

*(६) निर्माण कार्यको रेखदेख एवं प्रतिवेदन तयार गर्ने कार्य देहाय अनुसार हुनेछ :*

(क) निर्माण कार्यको ड्रईङ/डिजाईन, लागत इस्टिमेट, प्राविधिक रेखदेख, रनिङ विल, नापि किताब, कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने समेतका कार्य प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट तोकिएका प्राविधिक वा प्रदेश स्वयंसेवकमा नियुक्त ईन्जिनियरिङ सेवाका प्राविधिकहरूले गर्ने छन।



महाशाखा प्रमुख प्रदेश सचिव मा. मन्त्री

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
कैलाली, नेपाल

(ख) निर्माण कार्यका लागि आवश्यकता अनुसार सहरी विकास तथा भवन डिबिजन कार्यालय , स्थानीय तह वा अन्य सरकारी निकायहरूबाट ईन्जिनीयरीङ प्राविधिक सेवा सहयोग लिन सकिनेछ।

(७) सम्झौता अवधि भित्र निर्माण सम्पन्न नगरी प्राप्त रकमको हिनामिना वा दुरूपयोग गर्ने वा निर्माण कार्य नगरी अन्य प्रयोजनको लागि खर्च गर्ने वा निकासा गरिएको प्रयोजनमा खर्च नै नगरी खातामा रकम जम्मा गरी राख्ने संस्थाहरूबाट तत्काल त्यस्तो रकम अशुल उपर गर्ने कारवाही स्वास्थ्य कार्यालयले गर्नु पर्नेछ।

*(८) स्वास्थ्य संस्थाका भौतिक निर्माण कार्यहरूको लागि देहाय अनुसारको इकाइ लागत कायम गरीएको छ :*

(क) वर्थिंग सेन्टर भवन निर्माण का लागि प्रति भवन रू. २० लाख।

(ख) शहरी स्वास्थ्य को लागि प्रति भवन रू. १५ लाख।

(ग) सामुदायिक स्वास्थ्य भवन प्रति भवन निर्माणको लागि रू. १० लाख।

(घ) छपाली र बगलेक स्वास्थ्य चौकी , डोटी , सायल गाउँपालिका निर्माणको लागि रु.३० लाख।

(ङ) बान्निगडी स्वास्थ्य चौकी , अछाम , बान्नीगडी जयगढ़ गाउँपालिका निर्माणको लागि ५० लाख।

(च) मेल्लेख गा.पा स्वास्थ्य चौकी , अछाम , मेल्लेख गाउँपालिका निर्माण ५० लाख।

(छ) मलातिकोट स्वास्थ्य चौकी भवन , अछाम , रामारोशन गाउँपालिका निर्माण ५० लाख।

(ज) रामारोशन स्वास्थ्य चौकी भवन , अछाम , रामारोशन गाउँपालिका निर्माण ५० लाख।

(९) यस कार्यविधि बमोजिम गरिने खर्च रकमको लेखा परिक्षण प्रचलित **आर्थिक ऐन तथा नियमावली** बमोजिम हुनेछ।

*(१०) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था:*

(१) निकासा गरिएको रकमबाट तोकिएको कार्य भए नभएको सम्बन्धमा मन्त्रालय आफैले वा अन्तर्गतका निकाय मार्फत अनुगमन तथा मूल्याङ्कन गरी गराई प्रतिवेदन माग गर्नेछ।

(२) अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदनमा प्रदान गरिएको रकमबाट तोकिएको कार्य नभएको भनी उल्लेख भएको पाईएमा मन्त्रालयले प्रचलित कानून अनुसार कामकारवाही गर्न निर्देशन दिनेछ र सो निर्देशन सम्बन्धित निकाय र पदाधिकारिले पालना गर्नु पर्नेछ।

*(११) बाधा अडकाउ फुकाउ तथा संशोधन:* (१) यो निर्देशिका कार्यान्वयनमा कुनै बाधा अडकाउ फुकाउन परेमा प्रदेश सरकार , सामाजिक विकास मन्त्रालय ( **मन्त्रिस्तर** ) ले गर्नेछ।



महाशाखा प्रमुख प्रदेश सचिव मन्त्री

अनुसूची -१

सामाजिक विकास मन्त्रालय

सुदूरपश्चिम प्रदेश

# योजना सम्झौता फाराम

**सम्झौता गर्ने पक्ष र आयोजना :**

**क ) उपभोक्ता समितिको विवरण :**

१.नाम :

२.ठेगाना :

**ख ) आयोजनाको विवरण :**

१.नाम :

२.आयोजना स्थल :

३.उद्देश्य :

४.आयोजना शुरु हुने मिति :

**आयोजनाको लागत सम्बन्धि विवरण :**

क ) लागत अनुमान रु

*ख ) लागत ब्योहर्ने श्रोतहरु*

१.कार्यालय :

२.उपभोक्ता समिति :

३.अन्य :

| **बस्तुगत अनुदानको विवरण** | **सामग्रीको नाम** | **इकाई** |
|---|---|---|
| १. प्रदेश बाट | | |
| २. स्थानीय तहबाट | | |
| ३. गैरसरकारी संघसंस्था बाट | | |
| ४.अन्य निकाय बाट | | |

**आयोजना बाट लाभान्वित हुने :**

१.घर परिवार संख्या :

२.जनसंख्या :

३.संगठित संस्था :

महाशाखा प्रमुख

प्रदेश सचिव

मा. मन्त्री

# शर्तहरू

श्री.........................................................व्यवस्थापन समिति/उपभोक्ता समिति वा लाभदायी समिति अध्यक्ष र स्वास्थ्य कार्यालय .......................... का प्रमुख विच तपशिलमा उल्लेखित शर्तहरू पालना गर्ने गरि...............................को भवन निर्माण गर्न दुबै पक्ष सहमति भइ सम्झौता गरीदियौ।

## शर्तहरू

१.भवन निमार्ण कार्य को लागी आवश्यक पर्ने जमिन निशुल्क उपलब्ध गराउनु पर्ने छ।

२. **" स्वास्थ्य संस्था भवन निमार्ण कार्यविधि, २०७५"** ले तोकिएको मापदण्ड अनुसार निमार्ण कार्य गर्नुपर्ने छ। गुणस्तरहिन र कमसल सामाग्री को प्रयोग गर्न पाइने छैन।

३. २०७६ जेष्ठ मसान्त सम्म कार्य सम्पन्न गरिसक्नु पर्ने छ।

४. भवन निमार्णको जम्मा रकम रू ............................( अक्षरमा) रहने छ र उक्त रकम आवश्यक बिलभर्पाइ तथा अन्य कागजपत्रहरू पेश भएपछि रकम बैक मार्फत २ किस्तामा भुक्तानी गरीने छ।

५. प्राविधीक बाट नापजाच गरि सिफारिस भए पछि मात्र भुक्तानी गरिने छ।

६. निमार्ण कार्य सुधारको लागी दिएको सुझावहरू अनुसार गर्नु पर्ने छ।

७. कुनै समस्या आइपरे आपसी छलफल र समझदारीमा टुगो लगाइने छ।

८. यसमा उल्लेख नभएका वुदाहरू **सार्वजनिक खरीद ऐन २०६३ तथा नियमावली २०६४** अनुसार र प्रचलित नियमानुसार हुनेछ।

## सम्झौता गर्ने व्यक्तिहरू

**स्वास्थ्य कार्यालयको तर्फबाट**

प्रमुखको नाम :

हस्ताक्षर :

कार्यालयको छाप :

**व्यवस्थापन समिति/उपभोक्ता समिति वा लाभदायी समिति अध्यक्ष र स्वास्थ्य कार्यालय**

अध्यक्ष को नाम :

हस्ताक्षर :

कार्यालयको छाप :

**साक्षीहरू**

१.

२.

सम्झौता सम्पन्न भएको मिति २०७५।१२।.....

महाशाखा प्रमुख

प्रदेश सचिव

मा. मन्त्री